Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ८ ❑ अंक १३ २०७६ कार्तिक ३ गते आईतवार Sunday 20, OCT, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## दाईजो नदिएकै झोकमा रंजनाको हत्या

हिरालाल साह

विराटनगर । एक नेपाली चेलीको विवाह भारतको विहार अररिया जिल्ला जागवनी वडा नं. १८ वडा भेडयारीमा विहे भएको, विहेमा दाईजो नदिएकै कारण एक चेलीको हत्या भएको छ ।

विराटनगर महानगर पालिका वडा नं. ११ स्थित पंचमुखी चौक घर भएको मानिकचन्द सहनीले आफ्नी २२ वर्षिय छोरी रंजना कुमारी सहनीको विवाह २०७५ साल फाल्गुण २३ गते भारत विहार, अररिया जिल्ला जोगवनी तकिया निवासी २५ वर्षिय भीम वहादुर सहनी संग जातिय रितिरिवाजका साथ विवाह भएको थियो ।


छोरी रंजनाको हत्या भएको खबरले विक्षिप्त भएको आमा आनन्दी सहनी लगाय परीवारका सदस्यहरु ।

विवाह पश्चित केही दिनमै केटाको परिवारले दवाव स्वरुप दुईलाख पर्ने मोटर साईकल मागेकोमा रंजनाको बुवाले ऋणगरी मोटर साईकल खरीद गरि दिएका थिए । पुन : केही दिन पछि एक लाख नगद माग गरेकोमा ८० हजार मात्र रंजनाका बुवाले दिएको थियो ।

केही दिन पछि नै कटा पक्षले पुन : व्यापार गर्नका लागि दुई लाख नगद माग गरेको माईति पक्षले आफै कर्जामा रहेकोले केही समय पश्चिात दिने वांचा गरेका थिए । दशैंको पुर्णिमाका दिन केटा पक्षले माग गरेको पैसा नदिएकै झोकमा रंजनाका परिवारलाई धाक धम्की दिई रंजनालाई केटाले आफ्नो घर लगेका थिए ।

छोरीको ससुराली बाट पटक

वांकी अन्तिम पेजमा...

## नेपाल र चीन बीच भएको २० वटा सम्झौता

विराटनगर । नेपाल भ्रमणमा आएका चीनीयाँ राष्ट्रपति सी चीनफिङले दुई दिने भ्रमण सकेर स्वदेश फिर्ता भईसकेको छ ।

दुई दिन नेपालको बसाईमा नेपाली पक्षले सीको सम्मानमा कुनै पनि कमी राखेन्न र सीले पनि नेपालका कम्यूनिष्टहरुलाई घुमाउरो पारामा धेरै सिखहरु दिने प्रयास गरेको थियो ।

दुवैदेशको औपचारीक वार्तापछि राष्टपति सी र प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा दुवै देशका हितहुने २० वटा सम्झौता गरेका छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच नेपाल चीन सीमापार रेल्वे परियोजनाको सम्भाव्यता अध्ययन गर्ने सम्झौता भएको छ । शनिबार नेपाल आएका राष्ट्रपति सी आईतवार स्वदेश फिर्ता भएका थिए ।

होटल सोल्टीमा आईतवार आयोजित हस्ताक्षर समारोहल सम्पन्न भएको थियो । २० वटा सम्झौताहरुमा १. सीमा व्यवस्थापन प्रणालीबारे नेपाल र जन गणतन्त्र चीनका सरकारहरुबीचको सम्झौता २. शासन क्षमता अभिवृद्धिमा समन्वय तथा आदान-प्रदान सम्बन्धी नेपाल र जनगणतन्त्र चीनका सरकारहरु बीच एमओयू, ३. अपराधिक विषयहरुमा पारस्परिक कानूनी सहायताबारे नेपाल र जनगणतन्त्र चीनबीचको सन्धि ४. नेपाल र चीनबीच सगरमाथा र झुमुलाङमा संरक्षण समन्वयबारे एमओयू भएका छन् ।

त्यसैगरी ५. नेपालको राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास आयोगबीच लगानी एवं उत्पादनशील क्षमताका प्रमुख आयोजनाहरु प्रवर्द्धन गर्ने सम्बन्धी एमओयू ६. छेड्दुमा नेपालको महावाणिज्य दूतावास स्थापना गर्नका लागि एक्सचेन्ज अफ नोट, ७. चीन-नेपाल सीमा वारपार रेल्वे परियोजनाको सम्भाव्यता अध्ययनबारे नेपालको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र चीनको यातायात मन्त्रालयबीच एमओयू, ८. काठमाडौं महानगर पालिका र चीनको नान्जिङ शहरबीच भगीनी(शहरको सम्वन्ध स्थापना गर्ने सम्वन्धी समझदारी ९. नेपालको बुटबल उपमाहनगरपालिका शहर र चीनको सि'यन शहरबीच भगीनी( शहरको सम्वन्ध स्थापना गर्ने सम्बन्धी समझदारी, १०.नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चीनको परम्पागत चिनीया ओखतिको राष्ट्रिय प्रशासनबीच परम्परागत औषधिको समन्वय सम्वन्धी एमओयू समेत भएको छ ।

सोही अवसरमा ११. नेपालको गृह मन्त्रालय र चीनको आपत्कालीन व्यवस्था मन्त्रालयबीच विपद् जोखिम न्यूनीकरण तथा आप्तकालीन प्रतिक्रिया सम्वन्धमा एमओयू, १२. नेपालको महान्यायधिवक्ता कार्यालय र चीनको सुप्रिम पिपुल्स प्रोक्यूरेटरबीच साझेदारीका विषयमा एमओयू, १३. नेपालको त्रिभुवन विश्वविद्यालय र चीनको कन्द्रयू सियस इन्स्टिच्यूटबीच त्रिभुवन विश्वविद्यालयमा कन्द्रयूसियस

वांकी अन्तिम पेजमा...

## पटाका सहित भन्सार छलिका समानहरु बरामद

विराटनगर । दशै वितिसको छ भने झिलीमीलको पर्व, पटाका पड्काउने पर्व तिहार आउनै लागेको वेला भारतवाट पटाकाहरु नेपाल भित्रिने क्रम बढ्दै गएको छ ।

यसै सात जिल्ला मोरंग सुनवर्सी नगरपालिका वडा नं. ८ मिलन चौक स्थित भारतवाट पैदल यात्री गरी नेपाल आउंदै गरका व्यक्तिहरुलाई चेकजांच गर्ने क्रममा किङ कोब्रा पटाका २ सय प्याकेट, अल्फना फायर झिरझिरी १ सय २० पैकेट, सानो फूल झरी १२ पैकेट, रकेटबम १५ प्याकेट, कलर सेलिब्रेसन २ प्याकेट, फुलचक्री ८ प्याकेट, ग्यानोन बम २० प्याकेट पटाका जन्य पदार्थ बरामद गरी नियन्त्रणमा लिएका थिए ।

त्यसैगरी सुनवर्सी नगर पालिका वडा नं. ९ डाईनियां बजार स्थित भारतवाट अवैध रुपमा नेपाल तफ साईकलमा ल्याउदै गरेको १२ वण्डल कोब्रा इलाका प्रहरीकार्यालयवाट

वांकी अन्तिम पेजमा...

## पहिचान खोज्दै विराट राजवंशी

राजेश कुमार राजवंशी

विराटनगर । विराट राजवंशी यूवा समितिले सामाजिक, आर्थिक, र राजनीतिक अवस्था विषयक एक दिवशिय अन्तरक्रिया कार्यक्रम बुधवारका दिन सम्पन्न गरेका छन् ।

सो अन्तरक्रियाका प्रमुख अतिथी प्रदेश नं. १ का प्रदेश सांसद तथा समाजवादी पार्टीका संसदीय दलका नेता जयराम यादवले स्वजातिय पहिचानको लागि यूवाहरुले आफ्नो क्षमता विकास गर्नु पर्ने वताउंदै विराट क्षेत्रिय राजवंशीहरुले आफ्नो अधिकारको लागि निरन्तर आन्दोलन गर्दै आएको तर राज्यले अहिले सम्म नसुनेको अवस्था रहेको छ । राजवंशीहरु आदिवासी जनजाति भएको कुरा सांसदमा उठाउने प्रतिवद्धता गर्दै राजवंशी यूवाहरु अझ सशक्त हुनुपर्ने वताए ।

सो कार्यक्रममा विराट राजवंशी समाज उत्थान समितिका केन्द्रिय अध्यक्ष भूवनेश्वर मण्डल राजवंशीले आफ्नो समुदायले हक अधिकारको लागि करीव २० वर्षदेखि सर्घष गर्दै आएको भए पनि विराट राजवंशी समुदायलाई संविधानमा जातिय, भाषिक, सांस्कृतिक पहिचान सहितको सूचिकृत नगरेकोले लोकतान्त्रि संविधान पनि विभेदकारी नै रहेको वताए ।

त्यसैगरी राजवंशी समाज उत्थान समिति मोरङ अध्यक्ष प्रदीप

वांकी अन्तिम पेजमा...

## पशु क्वारेन्टाईन कार्यालय विराटनगरको अनुरोध

- कतै तपाईले पशु पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वाह्य मुलुकवाट पैठारी गर्दै हुनुहुन्छ ?
- के तपाईले नाकामा रहेको पशु क्वारेन्टाईन चेक पोष्टमा त्यस्तो सामग्री परीक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिनु भयो ?
- ध्यान दिनु होस पशु र पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री वह्य मुलुकवाट पैठारी गर्दा नाकामा रहेका पशु क्वारेन्टाईन चेक पोष्मा परिक्षण गराई क्वारेन्टाईन प्रमाण पत्र लिएर मात्र पैठारी गर्न सकिनेछ ।
- त्यसो नगरेमा त्यस्तो सामग्री फिर्ता पठाउन लिलाम गर्न, नष्ट गर्न सकिने तथा त्यस्तो कार्य गर्ने व्यक्तिलाई रु ५० हजार सम्म जरिवाना हुन सक्छ ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## दाईजो...

पटक दाइजोको लागि यातना दिदै पैसा र विभिन्न सरसामान माग्न लगाइएको बुवा मानिक चन्दले बताए । उनले दाइजो नदिदा धेरै पटक छोरीलाई कुटपिट र मांसिक यातना समेत दिइने गरिएको उनले भने 'पैसा र सरसामान नदिदा छोरीलाई मार्दिन्छु भन्दै धम्की ससुराली बाट आउने गरेको थियो ।

धाक धम्की दिदा दिदै असोज २६ गते सिमावर्ती वजार देखि ३ किलो मिटर दक्षिण भवानी पुल स्थित परमान खोलामा रंजनाका हातखुट्टा बांधी खोलामा फलिएको अवस्थामा जोगवनी प्रहरीले लास बरामद गरेका थिए ।

बुवा मानिकचन्द सहनी र आमा आनन्दी देवीका दोस्रो सन्तानको रुपमा रंजना एउटा मात्र छोरी रहेकी थिईन ।

रंजनाको आमाका अनुसार दुई दिनयता छोरीलाई धेरै नै दुख र यातना दिने गरिएको थियो र बुझ्दै जादा एक्कसी छोरीको छिमेकी बाट छोरीलाई मारेर बेपत्ता बनाइएको जानकारी पायौ । दाईजो नदिएकै कारण छोरीको हत्यामा संलग्नहरुलाई जन्मकैदको सजाय हुनपर्ने त्यसको लागि नेपाल सरकारले पनि पहल गरिदिनु पर्ने उनको भनाई थियो ।

सो घटनामा संलग्न चारजनालाई पक्राउ गरी अन्यको खोज र थप अनुसन्धान भई रहेको भारतीय प्रहरीले जनाएको छ ।

## नेपाल...

इन्स्टिच्युट स्थापना गर्ने सम्वन्धमा सम्झौता, १४. नेपालको कृषि विभाग र चीनको भन्सार प्रशासनबीच नेपालबाट चीनमा अमिला फलको निर्यातका लागि वनश्पती स्वास्थ्यका मापदण्डहरुको प्रोटोकल, १५. व्यापारमा संयुक्त कार्य समुहको स्थापनाका विषयमा नेपालको उद्योग, वाणिजय र आपूर्ति मनत्रालय तथा चीनको वाणिज्य मन्त्रालयबीच एमओयू गरेका छन् ।

त्यसैगरी नेपाल र चीन वीच भएको सम्भौतामा १६. नेपालमा चीनको सहयोगमा निर्मित भूकम्प मापन संयन्त्रसम्वन्धी परियोजनाको हस्तान्तरण प्रमाणपत्र, १७ नेपालको अर्थ मन्त्रालय र चीनको वाणिज्य मन्त्रालयबीच लगानी समन्वय कार्यसमुहको स्थापना सम्वन्धी एमओयू , १८. नेपालको अर्थ मन्त्रालय र चीनको अन्तर्राष्ट्रिय विकास समन्वय एजेन्सीबीच सुरुङ निर्माणमा सहकार्य सम्वन्धमा एमओयू, १९. सीमा सुरक्षा उपकरण तथा कार्यालय उपकरणका लागि एक्सचेन्ज अफ लेटर, २०. नेपालको काठमाडौं उपत्यकामा चिनीया सहयोगका महानगर खानेपानी आपूर्ति सुधार परियोजनाको सम्भाव्यता अध्ययनका लागि माइन्यूट अफ मिटिङमा सम्झौता भएको छ ।

यी सम्झौताहरु कहिले सम्म कार्यान्वयनमा आउने र कहिले सम्म सम्पन्न गर्ने कति लागत लाग्ने जस्ता कुनै कुरा खुलाईएको छैन ।

## पटाका...

खटिएको प्रहरीले बरामद गरेका छन् ।

त्यस्तै मोरङ रंगेली नगर पालिका वडा नं. २ मंगलबारे स्थित नहर छेउमा भारतबाट वी आर ३८ के ३९८७ नम्बर को मोटरसाईकलमा भन्सार छली ल्याउदै गरेको आइरन, ग्याँस चुलो, सिलिङ्ग पंखा र प्रेसर कुकर अन्दाजी मूल्य रू. ४० हजार बराबरको सामान ईप्रका रंगेलीबाट खटिएको प्रहरी गस्ती टोलीले बरामद गरेको छ मोटर साईकल चालकको खोजी भई रहको प्रहरीले जनाएको छ ।

तिहार तथा छठ नजिकिएसंगै सिमा क्षेत्रमा हुन सक्ने अपराधीक घटनाहरुको साथै निषेध गरिएको पटका जन्य पदार्थ तथा अन्य अबैध सामानहरु भित्रिन सक्ने अबस्थालाई मध्यनजर गर्दै जिल्ला प्रहरी कार्यालय मोरङबाट सिमा क्षेत्रहरुमा बिशेष प्रहरी टोली परिचालन गरिएको छ ।

## पहिचान...

विश्वाश राजवंशीले विराट राजवंशी लाई राज्यले स्वीकार गरेको छैन । राज्यले स्वीकार नगरे सम्म संघर्ष जारी रहने वताए । साही अवसरमा उपाध्यक्ष सिद्धुलाल राजवंशीले मुल आदिवासी भए पनि आदिवासी जनजातिमा सुचिकृत नभएकोले राज्यले राजवंशी प्रति ठुलो विभेद गरिएको छ वताए । युवा उपाध्यक्ष काशी राजवंशीले राजनीतिक, आर्थिक र सामाजिक स्तरमा राजवंशी समुदाय लाई राजनीतिक दलहरुले आश्वासन दिने काम मात्र गरेको भन्दै ती दलहरुको वहिष्कार गर्नु पर्ने बताए ।

सोही अवसरमा राजवंशीमा सामाजिक, आर्थिक, राजनीतिक र शिक्षा छेत्रमा अगाडि बढनुका साथै राजवंशी यूवाहरुले उच्च शिक्षा र प्राविधिक शिक्षामा जोड दिनु पर्ने विराट राजवंशी यूवा समितिका कोषाध्यक्ष राजेश कुमार राजवंशीले विचार औल्याए ।

बुद्धिजिवि संयोजक रामसुन्दर राजवंशीले विराट राजवंशी समुदायका व्यक्तिहरु लाई भोटमा किन-बेचको रुपमा प्रयोग भइरहेको छ । वर्तमान राजनीतिक अवस्थामा वडा स्तर देखि कुनै माथिल्लो तहमा उपस्थित नभएको बताए ।

सो कार्यक्रममा यूवा अध्यक्ष कुसेश्वर राजवंशी ले राजवंशी समुदाय मा मुलुकमा प्रत्येक आन्दोलन मा सहभागी भए पनि परिवर्तन सगै अझ प्रतिनिधित्वमा नेतृत्व क्षमता घटदै गएको बताए । युवा सन्तोष राजवंशी ले विराट राजवंशी २५ जना मात्र सरकारी जागीर भएको कुरा जानकारी गराएका थिए ।

सोही अवसरमा जातिय इतिहासमा आधारित भएर लेखिएको मौर पुस्तक आधा दर्जन जति संचार कर्मीहरुलाई उपहार दिएर सम्मान गरेका थिए ।

राजवंशी समाज उत्थान समितिका केन्द्रिय अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीले कार्यक्रम सम्पन्न गरेको घोषणा गरेका थिए

# चार तलामाथिबाट खसेका विकलाई नोवेलले दियो नयाँ जीवन



बिराटनगर । चार तला माथिबाट खसेर मरणासन्न अवस्थामा पुगेका धरानका देव विकलाई परिवारका सदस्यले बचाउन सक्ने आश मारिसकेका थिए र तर नोवेल अस्पतालले विकलाई नयाँ जीवन दिएको छ ।

शरीरका बिभिन्न भागमा गंभीर चोट लाग्नुका साथै मृगौलासमेत छेडिएर बाहिर निश्किदा २४ बर्षीय विकको अवस्था चिन्ताजनक थियो । रक्ताम्य अवस्थामा रहेका उनलाई उद्धार गरेर धरान स्थित वीपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पुर्याईयो तर, त्यहाँ उपचार हुन नसक्ने भन्दै डाक्टरले रिफर गरेर पठाएपछि परिवारका सदस्य झन अत्तालिएका थिए ।

घोपाबाट अचेत अवस्थामा नोबेल शिक्षण अस्पताल ल्याईएका विक उपचार पश्चात अन्तत : निको भएपछि परिवारका सदस्य हर्षित भएका छन् । 'सुरुमा भाईको अवस्था देख्दा लगभग हामीले माया मारिसकेका थियौ ।' देवकी आफन्त गोमा खातीले भनिन् 'धन्न अप्रेशन सफल भयो भाई बाच्यो, हामी सवैलाई धेरै खुशी लागेको छ ।'

नोबेल शिक्षण अस्पतालका डा.मनिस गौतम नेतृत्वको चिकित्सकहरुको टोलीले उनको शल्यक्रिया गरेको थियो । 'नोबेल ल्याईपुर्‍याउँदा उहाँको अवस्था धेरै जटिल थियो । तरपनि उहाँलाई अप्रेशन गरेर बचाउँन सफल भयौ ।' डा.गौतमले भनाई थियो ।

शल्यक्रिया पश्चात बिकको स्वास्थ्यमा सुधार आएको छ । माया मारिसकेको मान्छेलाई नोबेलले बचाएको भन्दै उनको परिवारमा खुशीयाली छाएको छ । १३ दिनको उपचार पश्चात निको भएर बिक अहिले अस्पतालबाट घर फर्किएका छन् ।

अत्याधुनिक उपकरण र दक्ष चिकित्सकको व्यवस्था मिलाएको नोबेलले जटिल र दुर्लभ शल्यक्रिया पनि सफलतापूर्वक गर्दै आएको छ । राम्रो उपचारका कारण नोबेलमा बिरामीको आकर्षण दिन प्रतिदिन बढ्दै गएको छ ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौ ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्व्चालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५

## मिश्री उत्पादक एवं विक्रेतालाई जरूरी सूचना !!!

**मिश्री उत्पादन गर्दा कुनै प्रकारको रंगको प्रयोग गर्नु हुँदैन । रंग प्रयोग गरेको मिश्री उत्पादन एवं विक्रि वितरण गर्दा खाद्य ऐन नियम बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।**

खाद्य प्रविधि तथा गुण नियनत्रण कार्यालय
विराटनगर, मोरंग
फोन नं.०२१-४७०२२१, ४७०८२८







परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## सम्पादकीय

# पटाकाबाट सावधान

नेपालीहरुको महान चाडपर्व विजिया दशमी हर्सोउल्लासका साथ विति सकेको छ भने दोस्रो ठूलो चाडपर्व दिपावली पर्व अर्का साता देखि शुरु हुँदैछ । दिपावली पर्वमा झिली-मिलि गर्नुका साथ आतिसवाजी अर्थात पटाका पड्काएर रमाईलो गर्ने चलन पनि छ । हामी अभिभावकहरुले नै आफ्ना बालवच्चाको लागि पटाका, झीरझीरे, सानो खाने बम, रकेटहरु किनेर ल्याई दिन्छ । तर यसवाट हुने खतराको प्रवाह गरेको छैनौ । वर्षेनि हामी सुन्ने गरेका छौ कि पटाका पड्काएकै कारण कति वाल बालिका अपांगको शिकार भएको छ भने कति त ज्यान समेत गएको घटनाहरु सुनेका र देखेका छौं । त्यसै पनि वालबालिकाको लागि पटाका खतराको घण्टी छदैछ त्यसमा पनि वातावरणीय दृष्टीकोणले पनि पटाकावाट निष्केको धवाँ बातावरणलाई प्रदुषण गरी मानवलाई नै रोगी वनाई दिन्छ । पटाका पड्काएर केही फाईदा छैन धनको मात्र नाश हुन्छ ।

अभिभावकहरुले आफ्ना नानीहरुलाई सक्दो पटाकाहरु किनी नदिउ । यदि केटाकेटी नमानेमा पटाका किनिएता पनि आफ्नो निगरानीमा त्यसलाई पड्कानु पर्छ । जसले गर्दा हुने सक्ने दुर्घटनावा बच्न सकिन्छ । त्यसमा पनि नेपाल सरकारले भारतवाट विष्फोटक पदार्थ आयातमा पूर्ण रोक लागाएको छ । त्यस्ता पदार्थ ल्याउंदा पक्राउ परेमा जेल सजाय समेत हुने छ । तर केही व्यक्तिगत स्वार्थ, व्यक्तिगत फाईदाको लागि केही व्यक्तिहरुले खुलासिमानाको फाईदा उठाउदै भारतवाट पटाकाहरु नेपाल भित्रियाउने काममा सक्रिय भएका हुन्छ । केही त्यस्ता व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरी कारवाही पनि चलाएको अवस्था छ । त्यसैले पटाकावाट सावधान हुन आवश्यक छ ।

मनोरञ्नकै लागि भए पनि सक्दो पटाका खरिद नगरौ, कथन कदाचि खरिद गरेमामा अभिभावको निगरानीमा मात्र पटाका पड्काउ अन्यथा पटाकावाट हुने खतराले धनसम्पति, नाश, परिवारको ज्यान जोखिम पर्ने सम्भावना त्यतिकै हुन्छ । त्यसैले वेलामै हामी अभिभावकहरुले वेलामै सोचौ र विचारौ आफ्ना वालबालिकालाई पटाका पड्काउनवाट बचौ र समाजमा पनि पटाका नपड्काउन अनुरोध गरौ । पटाका पड्काएर अनावश्यक धनका छय नगरौ नगराऔ । यसैमा सवैको भलाई हुने छ । बालबालिकाको हठको अगाडी सवै अभिभावक सचेत हुन् आवश्यक छ ।

# साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को**, ह) : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# घरमै छोरीको दोस्रो दर्जा बदलौं


शंकर दाहाल

‘छोरीलाई समानता माग्न नसिकाऔं, परिवार विघटन हुन्छ ।’

नेपाली कांग्रेसका नेता देवेन्द्र काडेलले संसदीय समितिमा राखेको यस्तो विचारले पितृसतात्मक सोच आलोचित भयो ।

लैंगिक समानताको बर्खिलाप छोरीलाई ‘कर्म घरमा सहेर बस’ भनी अभिभावकले सिकाउँदा आज कति छोरीले ‘हरु’ भन्लान ?

के लैंगिक समानताबारे आवाज बुलन्द नगर्न हामीले आफ्ना छोरीहरूलाई सिकाउन मिल्छ ? असमान लैंगिक समानताको पृष्ठभूमिमा हामीले महिलालाई हक नमाग भन्नु सर्वथा अस्वीकार्य नै हो ।

चुलोचौको, घाँस दाउराबाट उठेका छोरीहरू अहिले न्याय, प्रशासन, विश्वविद्यालय, व्यापार हाँक्ने भइसके । नेपालका उत्कृष्ट कलेजमा दस उत्कृष्ट विद्यार्थी हेर्ने हो भने अहिले छोरीहरूकै अग्रता छ ।

मेरी छोरी अहिले चार वर्षकी भइन् । उनको नाम शालीन हो । बालख शालीनको जाज्वल्य उर्जा देखेर म दंग छु ।

पहिलो सन्तान छोरी भएका घर व्यवस्थित देखेकाले पहिलो सन्तान छोरी नै जन्मियोस् भन्ने कामना थियो । म आफैं छोरो भएर मेरी छोरीलाई हेर्दा छोरीहरू किन ईश्वरकै वरदान हुन्छ ? अनुभव गर्न सक्छु ।

छोरीहरूले घर उज्यालो बनाउँछन । उनीहरू देवीझैं पुजिन्छन् । वास्तवमा छोरीहरूले दिएका मात्रै छन् । बदलामा हामीले पो उनीहरूलाई दिदैनौं त ?

शालीनप्रतिको मेरो माया एकदिन छोरो जन्मियो भने, मायामा मात्रै सीमित हुनेछ । पढाइ र विवाह खर्च गच्छेअनुसारको गर्नेछु । तर पैतृक सम्पत्ति दोस्रो सन्तान (छोरो)को हक लाग्नेछ । शालीन त बिहे गरेर कर्म घर जाने जात न परिन् । बरू उनका लागि गतिलो, छोरी पाल्न सक्ने ज्वाई रोज्छु ।

‘मेरी छोरी कति सक्षम छान’ भन्दा पनि मेरो प्राथमिकता ‘छोरी पाल्न सक्ने ज्वाई’ मा हुनेछ ।

छोरीका लागि समानता हामीले यही परिवेशमा खोजिरहेका होइनौं र ?

सांसद काडेलले कुन धरातलमा ‘छोरीलाई समानता माग्न नसिकाउँ,’ भने त्यसको पैरवी किमार्थ होइन । तर विवाह गरी पराई घर छोरीलाई पठाउने हाम्रो परम्परामा हामीले छोरीलाई सक्षम बन्न, खुट्टामा उभिन सिकाएका छैनौं ।

> सांसद काडेलले कुन धरातलमा ‘छोरीलाई समानता माग्न नसिकाउँ,’ भने त्यसको पैरवी किमार्थ होइन । तर विवाह गरी पराई घर छोरीलाई पठाउने हाम्रो परम्परामा हामीले छोरीलाई सक्षम बन्न, खुट्टामा उभिन सिकाएका छैनौं ।

जन्मे, हुर्केको घरमा हक अधिकारबाट वञ्चित हुने छोरीलाई पराइ घरमा समानताको अधिकार कति सहज छ ?

समाजशास्त्रीय दृष्टिकोणमा छोरीहरू दोश्रो दर्जाको मानसिकतामा हुर्किन बाध्य छन् । यही सामाजिक क्लिसे हामीले चिर्ने कहिले ? जन्मघरमै असमान छोरीहरू समाजमा खुल्ला लडाइा कसरी लड्दैछन ?

मेरो श्रीमती पनि अर्कै घरबाट मसँग आइन् । मसँग बिहे गरेकै कारणले उनको जन्मघरप्रति सम्पूर्ण हक समाप्त भयो, मात्र माइतीको सम्बन्ध स्थापित छ ।

तर छोराको दर्जा हेरौं । पुरुष भई जन्मदाको विरासत। कुल, वंशको निरन्तरता, पिण्ड दिने छोरो इत्यादिले जरो गाडेको छ ।

छोरीका लागि समान अधिकार खोज्दै गर्दा आफ्नै घरमा हामीले उनीहरूलाई के दिएका छौं ? माया, सद्भावसिवाय अर्थोक दिएका छैनौं। समानता दिएका छैनौं ।

अनि उनीहरूलाई हामी समाजमा समान हकका लागि छोरासाग भिड भन्दैछौं । फरक परिवेशको घरमा बिहे गरी पठाएर ‘त्यहाा हकका लागि अडिग हुनु’ भन्दैछौं ।

दोस्रो दर्जाको बिल्ला भिराएर, लक्ष्मीको ट्याग लगाएर, घर गरेर खानेले पकाउन जान्नुपर्छ भनेर उनीहरूलाई बिहेपछि ‘बराबर हक खोज’ भन्दैछौं ।

मेरी एक महिला साथी छन्। उनका दुई दाइ र एक दिदी छन् । ठूलो दाइ छुट्टिसकेका र दिदीको पनि विवाह भइसकेको छ ।

घरमा अंशवण्डा भयो, छोराले अंश पाए । उनको भागमा केही परेन। आज काठमाडौंमा संघर्ष गर्दै गरेकी उनले कस्तो भविष्य देख्दैछिन ?

विडम्बना धरातलीय यथार्थको बर्खिलाप हामी आफैंले छोरीलाई दोस्रो दर्जामा पदस्थापन गरी समानताको हक खोज्दैछौं। छोरी जन्मिएर घर उज्यालो हुने मेरो घरमा छोराको जन्मले मात्रै उनी मेरो सम्पत्तिको हकवाला हुने छैनन् । उनी केवल दोस्रो दर्जाकी हुनेछन् । उनले पाउने माया, सद्भावमात्रै हुनेछ ।

सामाजिक न्यायका निम्ति अग्रसरताका लागि छोरा र छोरीको वर्ग व्यवस्थाविरूद्ध उभिन सर्वप्रथम छोरासरह छोरीलाई हक र दर्जा दिन सक्नुपर्छ। युवा अवस्थामा संघर्षका बेला जसै मैले विवाह गरें, विवाह गरेर आएकै दिनदेखि मेरी श्रीमती पनि आर्थिक चुनौतीमा मसँगै उभिइन् ।

उनले पाएको ‘छोरीको दर्जा’ मसँग वैवाहिक सम्बन्ध कायम भएलगत्तै दोश्रो दर्जा ‘चेलीबेटी’का रूपमा स्थापित भयो ।

‘मसँग बिहे गरेकाले तिम्रो दर्जा फेरियो है,’ मैले श्रीमतीलाई भनें । उनले भनिन, ‘चलेको चलन नै यही हो, अब तपाईं बदल्नुस् न ।’

यही सामाजिक पद्धति हामीले चिर्नु छ ।

आजकी मेरी बालख शालीन, छोरी भएकै कारणले भोलि उनले मबाट मायामात्रै पाउने छैनन् । यो मेरो संकल्प र अठोट हो । आज उनी मेरो मुटु हुन् भने भोलि उनी मेरा लागि छोरासरह नै हुनेछिन् । समान हक अधिकार उनले पाउने छिन् ।

यही वर्ग व्यवस्था चिर्न नसक्ने समाजिक कुरितिमा हुर्किएका हामी किन काडेलविरूद्ध खनिएका ? वर्तमान परिवेशमा काडेलले बोलेका कथन अपाच्य लागे पनि तितो सत्य त्यही हो ।

यो तितो सत्यलाई धारे हात लगाउने तर चुप बस्ने काम नगरौं । यसलाई बदल्न लागौं । छोरीलाई घरमै समानता दिउँ । घर बाहिर पनि समानता माग्न सिकाऔं ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.


हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नरेश साह (अध
ार सेवा समाज पा

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
राजेश गुप्ता
नेता नेपाली कांग्रेस

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नन्द खरेल (प्रा
ायण उच्च मा.वि

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
प्रसाद मण्डल (
ा गाउंपालिका परि

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
श्वर साह (अध्य
ल सुडी समाज परि

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
ज भट्टराई (प्रि
निलकण्ठ स्कुल परि

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
र माथा उच्च
परिवार विराटनगर

हार्दिक मंगलमय
**शुभकामना**
२०७६ सालको विजया दशमी, शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
णु राजवंशी (अध्य
राजवंशी मैथली कलाकार समाज

## मगही भाषा

### मगही भाषा के गीत

४३

गंगा मइया के ऊँची रे अररिया, तिरिअवा एक रोवले हे ।
भइया, अपना लहर तुहूँ दीहँऽ ओही मे समायब हे ।
चुप-चुप तिरिया अपन घरे जाहूँ लहर नहीं मांगहूँ हे ।
आजु के नौवा महीनवाँ होरिलिवा गोदी खेलई हे ।
गंगा माई खँसी-पाठी देबवऽ बलकवा जब ही पायब हे ।
मइया देहूँ तू भरत असपूत, जगत जस गावये हे ।

४४

सूरसत-तनपत मनाइब चरन पखारब हे,
अहे रुकमिनी भेले रानी जोग केसब बर पावल हे ।
कउन कारन भेल तोही के, कहि के मोही सुवाबहूँ हे,
कउन चीज मन भावत, ओही के बतावहूँ हे ।
सब छोड अमरस चाटल मधुर रस तेजल हे,
इयरी-पियरी सब फेंकल चित फरिआयल हे ।
सतवें मास चइत आयल, सत बाजन बाजे हे,
अहे रुकमिनी चिहुँकी के उठथी बदन मियरायल हे ।
अठवें महीने जब आयल बइसाख नियरालय हे,
अहे फेरी-फेरी देख मुँह दरपनियाँ कइसन मुहँ पीयर हे ।
नबें महीना जब आयल जेठ के दुपहर हे,
झरक चले हई दूरी उठे हाई  से रुकमिनी व्याकुल हे ।
कवन विधि उतरब पार, चितय रानी रुकमिन हे,
मोती-मूंगा, सोना-चानी लुटावले  जे कुछ मांगल हे ।
सखी सब मंगल गावही, सुध-बुध विसरही हे ॥

४५

सावन के सहनइया भदोइया के किचकिच हे,
सुगा-सुगइया के पेट, वेदन कोई न जानये हे ।
सुगा-सुगइया के पेट, कोइली दुख जानये हे,
एतना बचन जब सुनलन, सुनहूँ न पयलन हे ।
फंकी दिहले हथवा कुदारी बबूर तर हे,
डाँड मोरा फाटहे करइली जाके, ओटिया चिल्हकि मारे हे ।
राजा का कहूँ दिलवा के बात, धरती अन्हार लागे हे ।

४६

छठिया पूजेला ननदी ठाढ अंगनवाँ,
हमरा के भउजो का देबऽ ना ।
छडी पूजइया ननदो साठ रुपइया,
हमरो से ननदो झट ले लेहूँ ना ।
साठ रुपइया भउजी घर दऽ पपउतिया,
लख रुपइया तऽ पूजइया लेबो ना ।
ज्ब त ननदिया होरिला लेके चललन,
लख रुपइया झट फेंकि देलन ना ।

भरत प्रसाद महतो

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**सुनवर्सी नगर पालिकाका कार्यालय मोरंग**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# दीवालीका मूल और ऐतिहासिक महत्व

हिन्दु समाज में हर त्यौहार का एक गहरा इतिहास है और दीवाली का त्यौहार भी इससे अलग नहीं है । दीवाली मनाए जाने की जडें प्राचीन काल से जुडी हैं, जब फसलों की कटाई का एक महत्वपूर्ण समय होता था । धर्म के विकास के साथ इसमें कई पौराणिक कहानियां और स्पष्टीकरण जुडते गए जिन्होंने इस त्यौहार को धार्मिक मान्यता दी । देश के अलग अलग भागों में दीवाली से जुडी विभिन्न पौराणिक कथाएं हैं । विभिन्न धर्म के लोगों के दीवाली मनाने के अलग अलग कारण हैं ।

**दीवाली की पौराणिक कथाएं**

दीवाली के त्यौहार से जुडी विभिन्न हिंदू पौराणिक कथाएं इस प्रकार हैं:

राजा राम का अयोध्या लौटना

दीवाली के साथ जुडी सबसे लोकप्रिय कथा राजा राम की है । उनकी पत्नी सीता का अपहरण करने वाले असुर राजा रावण को मारकर, और चौदह साल का वनवास बिताने के बाद दीवाली के दिन ही राम अयोध्या लौटे थे । अयोध्या में राम के घर लौटने की खुशी में लोगों ने अपने घरों को दीपों से रौशन किया और एक दूसरे को मिठाइयां बांटीं । यह त्यौहार मनाने वाले आज भी इस परंपरा को निभाते हैं ।

**नर्कासुर की कथा**

इस पौराणिक कथा के अनुसार, दीवाली के दिन ही भगवान कृष्ण ने नर्कासुर का वध किया था। माना जाता है कि नर्कासुर को भगवान विष्णु से लंबे जीवन का वरदान प्राप्त था । उसने तीनों लोकों में उत्पात मचाना शुरु कर दिया और वह महिलाओं पर हमले करने लगा । कहा जाता है कि नर्कासुर ने भगवान कृष्ण से प्रार्थना की थी कि लोगों द्वारा उसकी मृत्यु को याद रखा जाना चाहिये इसलिए इस दिन को नर्कचतुर्दशी भी कहते हैं ।

**देवी लक्ष्मी का अवतार**

इस पौराणिक कथा के अनुसार, देवी लक्ष्मी देवताओं और असुरों के बीच हुए समुन्द्र मंथन और उसमें से निकले अमृत पर अधिकार को लेकर हुई लडाई के समय प्रकट हुंई थीं । देवी लक्ष्मी ने अमृत देवताओं के अधिकार में दिया था ।

**पांडवों की वापसी**

माना जाता है कि इस दिन पांडव अपने बारह सालों के वनवास के बाद अपनी राजधानी हस्तिनापुर लौटे थे । लोगों ने इस अवसर पर मिट्टी के दीये जलाए थे ।

**बाली की पौराणिक कथा**

मान्यता है कि दीवाली के दिन ही भगवान विष्णु ने अपने वामन अवतार में अवतरित होकर राजा बाली को पाताल भेजा था । राजा बाली के बढते प्रभाव और अहंकार के बाद भगवान विष्णु ने बाली से अपने तीन कदमों के नाप जितनी धरती मांगी । दो ही कदमों में पूरा स्वर्ग और धरती नापने के बाद बाली के कहने पर उन्होंने अपना तीसरा कदम उसके सर पर रखा और उसे पाताल भेज दिया ।

**राजा विक्रमादित्य का राजतिलक**

माना जाता है कि दिवाली के दिन ही राजा विक्रमादित्य का राज्याभिषेक हुआ था । यह भी लोगों के दीवाली मनाने का एक कारण है ।

**फसलों की कटाई का त्यौहार दीवाली**

दीवाली शुरुआत में फसलों की कटाई के उत्सव के रुप में मनाई जाती थी । यह वह समय है जबं किसान फसल काटकर संपत्ति और समृद्धि की देवी लक्ष्मी की पूजा करते हैं और उन्हें नई फसल में से अंश समर्पित करते हैं ।

**सिख धर्म में दीवाली का इतिहास**

सिख धर्म में इस दिन को बंदी छोड दिवस के रुप में जाना जाता है, इस दिन में सिखों के छठे गुरु, गुरु हरगोविंद सिंह ५२ अन्य हिंदू राजकुमारों के साथ ग्वालियर के किले से रिहा हुए थे । सिखों की मांग पर जब शहंशाह जहांगीर, गुरु हरगोविंद सिंह को छोडने के लिए राजी हुए तो गुरु ने एलान किया कि वह अन्य बंदी राजकुमारों के बिना नहीं जाएंगे ।

यह जानते हुए कि सारे राजकुमार गुरु को एक साथ एक ही समय पर नहीं पकड सकते, चालाक जहांगीर ने एलान किया कि सिर्फ उन्हीं राजकुमारों को गुरु के साथ छोडा जाएगा जिन्होंने गुरु को पकड रखा होगा । गुरु ने तब एक ऐसा वस्त्र बनवाया जिसमें ५२ डोरियां थी । हर युवराज ने एक डोरी पकडी और इस तरह गुरु ने सफलता से सभी को मुक्त करवाया । इस दिन स्वर्ण मंदिर को रोशनी से सजाया जाता है । में दीवाली के दिन ही स्वर्ण मंदिर की आधारशिला रखी गई थी ।

जैन धर्म में दीवाली का महत्व

जैन धर्म में दीवाली का महत्व इसलिए है क्योंकि इस दिन ही अंतिम जैन तीर्थांकर भगवान महावीर ने निर्वाण प्राप्त किया था । कहा जाता है कि भगवान महावीर ने उन देवताओं की उपस्थिति में निर्वाण पाया था जिन्होंने उनके जीवन से अंधकार दूर किया था । साथ ही भगवान महावीर के मुख्य अनुयायी गणधरा गौतम स्वामी ने भी इसी दिन 'केवलज्ञान' प्राप्त किया था ।

**बौद्ध धर्म में दीवाली का महत्व**

बौद्ध धर्म के लोग इस दिन राजा अशोक के बौद्ध धर्म अपनाने के उत्सव में दीपावाली मनाते हैं । इस त्यौहार को बौद्ध धर्म में अशोक विजया दशमी भी कहते हैं और वह अपने मठों को सजाकर और प्रार्थना करके यह उत्सव मनाते हैं ।

**भैया दूज के बारे में**

रोशनी के जगमगाते त्यौहार दीवाली की तमाम भव्यता के बाद, पांच दिनों के दीपावली उत्सव के आखिरी दिन भारत भर में 'भैया दूज' मनाया जाता है जो कि भाई बहन के प्यार का प्रतीक है । भैया दूज शुक्ल पक्ष में आता है । शाब्दिक अर्थों में 'भैया' यानी भाई और 'दूज' का अर्थ है नए चन्द्रमा के उदय के बाद का दूसरा दिन, जिस दिन ये उत्सव मनाया जाता है ।

**भैया दूज की कहानी**

हिंदू धर्म की पौराणिक कथाओं के अनुसार, भैया दूज का हिंदू धर्म में बहुत मूल्य और महत्व है । हिंदू धर्म के लगभग सभी त्यौहार और प्रथाएँ किसी न किसी विशेष चरित्र और आदर्श से जुडे हैं जो उनके मनाए जाने को सही ठहराते हैं और लोगों को उनके महत्व को समझाने में मदद करते हैं ।

पीढी दर पीढी भैया दूज की यह कहानी आगे बढती जाती है । कहानी कुछ इस प्रकार है कि एक गांव में एक परिवार रहता था जिसमें दो बच्चे थे, एक बडी बहन और उसका एक छोटा भाई । क्योंकि बहन बडी थी, उसकी शादी हुई और वह चली गई और उसका भाई अकेला रह गया । समय के साथ वह बडा हुआ और उसकी याद से उसकी बहन की तस्वीर धुंधली पड गई लेकिन जब वह दूसरे लोगों को अपनी बहनों के साथ कोई खास दिन मनाते देखता तो वह अपनी बहन की कमी महसूस करता था ।

एक दिन उसने अपनी माँ से पूछा कि क्यों उसकी बहन इतने सालों से उससे मिलने नहीं आई, जिस पर उसकी माँ ने जवाब दिया कि दोनों गावों के बीच खतरनाक और डरावना जंगल है जिसे पार करना पडता है इसलिए कोई उस गांव से इस गांव से मिलने नहीं आता है ।

भाई ने तय किया कि वह अपनी बहन से मिलेगा । किसी भी खतरे का विचार किये बिना वह निकल पडा और जंगल में खतरों का सामना करने पर उसने सांपों, पहाडों आदि से प्रार्थना की कि वह उसे अपनी बहन से मिलने जाने दें, और लौटकर आने पर उसे खा लें । इस पर सभी ने उसे जाने दिया । अंतत : वह उस गांव में पहुंचा और अपनी बहन से मिला, बहन ने भाई की बहुत प्रेम और स्नेह से देखभाल की ।

जब उसने लौटने का तय किया तब अपनी बहन को बताया कि वह जल्दी ही मर जाएगा । यह सुनकर उसकी बहन ने भी अपना सामान बांधा और उसके साथ जंगल की ओर निकल पडी । उसने उन विपत्तियों को चढाने के लिए अपने साथ चढावा भी बांधा । जब उनका सामना सांप से हुआ तो उसने उसे दूध चढाया और सांप संतुष्ट होकर वहां से चला गया । शेर का सामना होने पर उसने उसे मांस दिया, और वह भी उन्हें छोड कर चला गया । जब उन्हें पर्वत ने डराया तो उसने उसे धातु और फूल अर्पित किये और उसने भी उन्हें सुरक्षित जाने दिया ।

सभी खतरों को पार करने के बाद वह बहुत थक गई और प्यास लगने पर वह जहां बंजारे काम कर रहे थे वहां पानी लेने गई और उसका भाई एक पेड के नीचे आराम करने रुक गया। बंजारों ने उसे बताया कि उसके भाई के सर पर से विपत्ति अभी भी टली नहीं है और उसे बचाने का एक ही उपाय है कि वह सारा समय उसे कोसती और श्राप देती रहे, उसकी शादी करवाए और मांग करे कि सारे रीति रिवाज पहले उसके साथ निभाए जाए ।

लडका और सारे गांववाले उसकी बहन का यह रुप देखकर चौक गए कि इतना प्रेम करने वाली बहन सारा समय अपने भाई को इतना कोस क्यों रही है । बहन के इतना त्रास करने पर गांव वाले चाहने लगे कि वह जल्दी से जल्दी वहां से चली जाए । लडके की शादी होने पर बहन जिद करने लगी कि सेहरा पहले उसके सर पर बांधा जाए, जहां उसने डोरी की जगह सांप को पाया और इस तरह अपने भाई की जान बचाई ।

फेरों के समय बहन सो रही थी और अग्नि के चारों और फेरे लेते वक्त भाई बेहोश हो गया । शोर सुनकर बहन जाग गई और चिल्लाने और कोसने लगी उसका ये रुप और आँखों की ज्वाला देखकर जो बुरी आत्माएँ भाई को अपने वश में करने वाली थीं भाग गईं और भाई की जान बची ।

लौटते समय बहन ने सबको बंजारों की भविष्यवाणी के बारे में बताया और भाई को एहसास हुआ कि उसकी प्रेम और स्नेह करने वाली बहन ने यह सब उसकी जान बचाने के लिए किया । उसके भाई ने प्रार्थना की कि हर भाई को ऐसी बहन मिले । इसलिए 'भैया दूज' मनाई जाती है ।




# कोईरालाले शुरु गरेको चिया-पानको विशेष महत्व

विराटनगर । कोजाग्रत पूर्णिमाका दिन आइतबार नेपाली काग्रेस मोरंगर दशै, तिहार र छठ पर्वको शुभ उपलक्ष्यमा शभकामना आदान प्रदान तथा चियापान कार्यक्रम आयोजना गरिएको थियो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य अमृत अर्यालको प्रमुख आतिथ्यमा भएको कार्यक्रमका सहभागीहरुले कांग्रेस तत्कालीन संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाले शुरु गरेको चियापानले विशेष महत्व राखेको विचार व्यक्त गरेका थिए ।

देशलाई प्रजातान्त्रिक आन्दोलनमार्फत जनअधिकार स्थापित गराउने नेता तथा जननायकका रुपमा चिनिएका वीपीले बसालेको संस्कारले अहिलेसम्म निरन्तरता पाएको प्रमुख अतिथी अमृत अर्यालले सुनाए । . देशले आन्दोलनका विभिन्न आरोह अवरोध पार गरेपनि कांग्रेसले बसालेको यो संस्कारले निरन्तरता पाएको छ । नेता अर्यालले चाडबाडको सन्दर्भ पारेर गरिने यस्ता कार्यक्रमले आपसीभाइचारा तथा सहअस्तित्व कायम गराउन मद्धत पुग्ने वताए ।



नेपाली कांग्रेसका केन्द्रीय सदस्य गुरुराज घिमिरेले कांग्रेस नयाँ शिराबाट उठ्नै लागेको अवस्थामा चियापानले विशेष महत्व राखेको बताउँदै भने, "केन्द्रमा मात्र मनाउने गरिएको यस्तो कार्यक्रम जिल्लामा समेत हुन थालेको छ । यसले एक आपसमा शुभकामना दिन सम्बन्धलाई अझ सुधार गर्न सहयोग पुग्ने छ ।" प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कुमार कार्कीले कांग्रेस र नेकपा संविधान निर्माणमा संगसंगै हिंडेको तर अहिले आवधिक निर्वाचनबाट मात्र एउटा सरकारमा र अर्को प्रतिपक्षमा रहेको बताए । भने, "तर, गणतान्त्रिक संविधान कार्यान्वयन गराउने जिम्मेवारी दुबैको काँधमा छ वहांको भनाई थियो ।"

प्रदेश १ का कांग्रेस प्रमुख सचेतक केदार कार्कीले कांग्रेसले लोकतान्त्रिक आन्दोलनको सदैव अगुवाई गरेको र देशलाई विकासतर्फ लग्ने अभिभारा पनि अब उसैले लिन' पर्ने बताए । विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले नेपालीहरुमाझ सबै पर्वको उत्तिकै महत्व रहेको चर्चा गरे । उनले आपसी भातृत्वका लागि पनि कांग्रेसको चियापान जिल्ला तहमा हुनु' महत्वपूर्ण भएको बताए ।

कांग्रेस सभापति डिगबहादुर लिम्बुको सभापतित्वमा भएको कार्यक्रमका अन्य वक्ताले चाडपर्वको अवसरमा सबैले मनको तुष फालेर अघि बढ्न' पर्ने बताएका थिए । कांग्रेस जिल्ला पार्टी कार्यालय परिसरमा भएको कार्यक्रममा कांग्रेस कार्यकर्ता र शुभचिन्तक तथा सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको थियो ।

सुचना सुचना सुचना

१९

उद्यमशील महिला समृद्धिको पहिचान, लोकतान्त्रिक संघियतामा महिलाको सम्मान ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लक्ष्मी पूजाको अवसरमा आध्यात्मिक प्रवचन



विराटनगर । ब्रहमकुमारी राजयोग कदम टोलीको आयोजनामा भव्यताको साथ आध्यात्मिक प्रवचन कार्यक्रम असोज २६ गते मंगलवारका दिन सम्पन्न गरेको छ ।

बाललक्ष्मी आधारभूत विद्यालय जहदा गाउंपालिका वडा नं. ३ हात्तीवन्धामा आध्यात्मिक प्रवचन कार्यक्रमका प्रमुख अथिती गाउंपालिकाका अध्यक्ष कैशाल प्रसाद मण्डल सहित अतिथीहरुले दिप प्रज्वलन गरी कार्यक्रमको शुभारम्भ गरेका थिए । सो अवसरमा प्रमुख अतिथी मण्डलले यस्ता आध्यात्मिक कार्यक्रम प्रत्येक टोल-टोलमा हुनु पर्ने, आध्यात्मले जीवनलाई सार्थक वनाउने वताएका थिए ।

त्यसैगरी विशिष्ठ अतिथी वडा अध्यक्ष अनिल ठाकुरले लक्ष्मी पुजाको मेला धेरै पहिले देखि चलि आएको केही वर्ष देखि मेरै नेतृत्वमा भएकोले मेलालाई ठेक्का लगाउने, जुवा तास खेलाउने लागाइतको कार्य हुन नदिई आध्यात्मिक कार्यक्रम गराउंदै आएको वताए । लक्ष्मीपूजाको लागि अगामी दिनमा सहयोग गर्दै प्रचार प्रसार समेत गर्ने प्रतिवद्धता जाहेर गरेका थिए ।

उक्त लक्ष्मी मन्दिर मेलाको अवसरमा हात्तिवन्धा टोलका यूवाहरु द्वारा सांस्कृतिक कार्यक्रम, नव दुर्गा चैतन्य झाकी, समाजिक विसंगति विरुद्धको नाटक प्रस्तुत गरेका थिए ।

कोजाग्रत पूर्णिमाको तीन दिन सम्म चल्ने सो लक्ष्मी पुजा मेला प्रत्येक वर्ष ब्रहमकुमारी राजयोगवाट आध्यात्मिक प्रवचन दिने गरिन्छ । मन्दिरमा आउने भक्तालु दर्शकहरुको तीन दिन सम्म भिडभाड लाग्ने गर्दछ । सोही अवसरमा रात्रीको समयमा अल्लहा रुदल नाचको पनि आयोजना गरेका थिए । सो नाचका लागि भारतवाट कलाकारहरु मगाइएका थिए । कोजाग्रत पूर्णिमाको दिन आउने भक्त जनले लक्ष्मीमाताको दर्शन गरेमा माताले धन-धान्य पारी परिवारमा सुख शान्ति, समृद्धि हुने जनविश्वा रहेको मन्दिर समितिका अध्यक्षले वताए ।

सोही अवसरमा ब्रहमकुमारीका रोमा दिदीले हाम्रो समाज पुरुष प्रधान रहेकोले महिलाको विभिन्न रुपहरु जस्तै आमा, दिदी-वहीनी, स्वास्नी लागायत स्त्री जातिको सम्मान गर्नु पर्ने वताए । आजको एकाईसौ शताव्दीमा मानिसहरु भौतिक वादमा वढी रोमलिएकोले विभिन्न विकृति, कुलत, अहंकारमा फस्दै गएकाले सचेत हुन आग्रह गरेका थिए । त्यसरी ने मानव भित्र रहेको दुष्ट प्रवृति रावण रुपी चरित्रलाई त्यागी स्वयमले आफूमा नियन्त्रित रहन र भगवान शिव माथि विश्वास गरी आध्यात्मिक वाटोमा लाग्न सुझाव दिएका थिए ।

राजयोगद्धारा मानवको आत्मा र परमात्मा जाड्ने मुख्य साधन रहेको एउटै मात्र अलौकिक ज्योतिर्लिङ्ग परमात्मा शिवका सन्तान हामी सवै हौ वहांकै कृपाले संसार चलेको र शिवको ध्यानले मानव मुक्ति प्राप्त हुने वताए ।

सो कार्यक्रममा प्रमुख अतिथी मण्डल, विशिष्ठ अतिथी जहदा गाउंपालिका वडा नं. २ का अध्यक्ष तुलसी उप्रेती वडा नं. ३ का अनिल ठाकुर, मकालु टेलिभिजनका पदम कुमार सरदार, इन्टर नेशनल प्रेस क्लवका अध्यक्ष हिरालाल साह, क्राईम अपरेश साप्तिाहिकका सम्पादक श्याम सुन्दर सुतिहार लागाईतलाई कार्यक्रमका अध्यक्ष रोमा दिदीले सम्मान गरेका थिए ।



धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।

## स्वास्थ्य

### जाडो आममा खानै पर्ने ५ कुरा

जाडो मौसममा रुघाखोकी तथा चिसोको समस्या हुन्छ । यस्तो बेलामा सन्तुलित आहार, व्यायाम, पर्याप्त निद्रा तथा तनाव कम भएन भने रोगप्रतिरोधी क्षमता कम घट्दछ र चिसो मौसममा हुने संक्रमणको जोखिम बढि हुन्छ ।

हामीले खाने केही सामान्य खानेकुराहरु यस्ता हुन्छन् जसले चिसो तथा रुघाखोकीबाट बचाउँछन् । ती सुपरफुडहरु निम्न छन्-

१. गाजर :- क्यारोटमा बेटा क्यारोटिन तत्व पर्याप्त मात्रामा पाइन्छ । यसमा भिटामिन ए पनि पर्याप्त मात्रामा पाइन्छ । गाजरको नियमित सेवनले चिसोमा हुने विभिन्न खाले संक्रमणबाट बचाउन सहयोग गर्छ ।

२. ग्रीन टी :- ग्रीन टी लाई शक्तिशाली एन्टीअक्सिडेन्ट भनिन्छ । यसमा ब्याक्टेरिया तथा भाइरस प्रतिरोधी तत्व पाइन्छ । दिनमा ३ कप ग्रीन टी पिउनाले रोग प्रतिरोधी क्षमता बढाउँछ र जाडो याममा हुने विभिन्न संक्रमणको जोखिम पनि घटाउँछ ।



३. च्याउ :- च्याउमा पनि विभिन्न खाले पोषक तत्वका साथै औषधीय तत्व पाइन्छन् । यसलाई रोगप्रतिरोधी क्षमताको प्रवर्द्धक मानिन्छ । चिसोमा हुने भाइरसजन्य संक्रमणबाट जोगिन नियमित रुपमा च्याउको सुप खानु आवश्यक हुन्छ ।

४. लसुन :- लसुनलाई आयुर्वेदमा पनि अचूक औषधिको रुपमा लिइन्छ र चिसो र ज्वरोको घरेलु उपचारमा समेत यसको प्रयोग हुँदै आएको छ । कलेजोलाई विषरहीत बनाउने तथा शरीरमा रोग प्रतिरोधी क्षमता बढाउने इन्जाइमको मात्रा बढाउनका लागि लसुनले सहयोग पूराउने विभिन्न अनुसन्धानले देखाएका छन् ।

५. मह :- जाडो मौसममा हुने रुघाखोकी तथा ज्वरोको सबैभन्दा सजिलो तथा भरपर्दो घरेलु औषधिको रुपमा महको सेवन गर्ने गरिन्छ । महमा ब्याक्टेरिया तथा भाइरस प्रतिरोधी गुण पाइन्छ । महलाई दुधमा मिलाएर पिउँदा चिसो तथा संक्रमणबाट बच्न सकिन्छ ।

# गायक राजवंशीको टीम भारत प्रस्थान



विराटनगर । नेपालको जहदा गाउँपालिका निवासी गायक विष्णु राजवंशी सहित चार जनाको टोली आईवार भारत विहारको कटिहार प्रस्थान गर्ने भएको छ ।

कटिहारको बदलापुरमा हुने दुई दिने राजवंशीहरुको सम्मेलनमा भाग लिन र सम्मेलनमा आफ्नो गायन प्रस्तुतिका लागि सम्मेलमा भाग लिदैं हुनु हुन्छ ।

राजवंशी सम्मेलनका संयोजक जगरनाथ दास राजवंशीको निमन्त्रणमा नेपालवाट गायक विष्णु राजवंशी, माया राजवंशी र नृत्यका लागि सृष्टी राजवंशी र खुशी राजवंशीको टाली भारत जान लागेका हुन् ।

दुई दिनको सम्मेलन सकेर त्यहीवाट बंगलादेश जाने तयारी समेत रहेको गायक विष्णु राजवंशीले जानकारी गराएका छन् । राजवंशी अहिले सम्म नेपली-५, हिन्दी-७, राजवंशी-६, मैथली-२ र मराठीमा एक गीत गाई सकेको छ ।




# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।

२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।

३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।

४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।

५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।

६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- (हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।

७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।

८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाख्रा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।

९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।

१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।

११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।

१२. सके सफा गरौ नसके फोहोर नगरौ ।

१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।

१. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
२. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०